**खजुरा गांउपालिका**
**गांउकार्यपालिका कार्यालय**
**खजुरा, बांके**

# बोलपत्र/दरभाउपत्र आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : (०७६/०६ /०३ )**

यस कार्यालयबाट चालु आ.व. २०७६/०७७ मा यस कार्यालय अन्तर्गत संचालन हुने तपसिलमा उल्लेखित आयोजनाहरुको बोलपत्र/दरभाउपत्र द्वारा गर्नु पर्ने भएकोले निर्माण व्यवसायी ऐन, २०५५ बमोजिम इजाजतपत्र प्राप्त ईच्छुक उधोग व्यवसायीहरुबाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्वकको बोलपत्र आव्हान गरिएको छ।

१. अद्यावधिक नविकरण गरेको इजाजतपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, आ.व.२०७५/०७६ सम्मको आयकर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र निवेदन सहित तोकिएको बोलपत्र दस्तूर तिरी (पछि फिर्ता नहुने) यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन (सी.न.४सम्म) र १५ औं दिन (सी.न.५देखि ९) कार्यालय समय भित्र यस कार्यालयबाट ईच्छुक बोलपत्रदाताले बोलपत्र सम्बन्धि कागजात खरिद गर्न सकिनेछ। साथै बोलपत्र पेश गर्न चाहने बोलपत्रदाता तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको आर्थिक प्रशासन शाखा वा यस कार्यालयको एन आई सी एसिया बैंक, खजुरा स्थित राजस्व खाता नं. बि१४१४९८६२१५२४००१ मा जम्मा गरेको भौचरलाई बोलपत्र कागजात पेश गर्नु पर्ने छ ।

२. खरिद गरेको बोलपत्र/दरभाउपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ आ (सी.न.४ सम्म) र १६ औ दिन (सी.न.५ देखि ९) दिनको १२.०० बजे भित्र यस कार्यालयमा hard copy दर्ता गर्न सकिने छ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र /दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन।

४. दर्ता भएका बोलपत्र/दरभाउपत्र यो सूचना प्रथम पटक प्रकाशित भएका मितिले ३१ औं (सी.न.४ सम्म) र १६ औ दिन (सी.न.५देखि ९) दिन दिनको १३.०० बजे कार्यालयका प्रतिनिधी तथा बोलपत्रदाताको रोहवरमा खोलिने छ। बोलपत्रदाताको अनुपस्थिती भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

५. बोलपत्र /दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने र खोल्ने दिन बिदा पर्न गएमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनको सोही समयलाई उक्त प्रयोजनको लागि मान्यता दिइने छ।

६. शिलबन्दी बोलपत्र/दरभाउपत्र फारामसाथ जमानत वापत तोकिएको रकम कार्यालयको एन आई सी एसिया बैंक, खजुरा स्थित धरौटी खाता नं. बि१४१४९८६२१५२४००४ मा जम्मा गरी सक्कलै बैंक भौचर वा नेपाल सरकारबाट विडवण्ड जारी गर्न सक्ने इजाजत प्राप्त बैंकहरुबाट बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० (सी.न.४ सम्म) र ९० (सी.न.५देखि ९) दिन म्याद भएको विडवण्डको सक्कल संलग्न गर्नु पर्नेछ।

७. बोलपत्रमा/दरभाउपत्र आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट भएको ठाउंमा बोलपत्रदाताको सहि छाप भएको हुनु पर्नेछ।

८. संयुक्त उपक्रमको माध्यमबाट काम गर्न ईच्छुक बोलपत्रदाताले संयुक्त उपक्रम सम्बन्धि सम्झौताको सक्कल बोलपत्र कागजात साथ अनिवार्य पेश गर्नु पर्नेछ।

९. खजुरा गा.पा.को हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा नजनाई बोलपत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१०. यस सूचनामा उल्लेखित कार्यहरु वहुवार्षिक योजना अनुरुप कार्यान्वयन गरिने कार्यहरु खजुरा गा.पा.बाट बजेट विनियोजन भए अनुरुप गर्ने गराइने छ।

११. कामको गुणस्तर स्वीकृत स्पेसिफिकेसन अनुसार हुनु पर्नेछ। बोलपत्रदाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्वन्धमा राम्रोसंग बुझी दररेट भरेको मानिने छ।

१२. शर्त रहेको, रीत नपुगेको तथा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

१३. यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ। बोलपत्र सम्बन्धी थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

**बोलपत्र/दरभाउपत्र सम्बन्धि कार्यको विवरण**

| सी.न. | ठे.नं. | कामको विवरण | ल.ई.रकम (भ्याट र कन्टेनजेंसी बाहेक ) | धरौटी रकम | बोलपत्र दस्तूर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | KRM/NCB/Work/03/2076-77 | चिल्ड्रेन पार्क निर्माण कार्य | ४३०३१९९.९८ | १२००००.०० | ३०००.०० | बोलपत्र |
| २. | KRM/NCB/Work/204/2076-77 | राजु भुजुवाको घर देखि मनकामना जाने बाटो कालोपत्रे गर्ने कार्य | २३९०२७३.८१ | ७००००.०० | ३०००.०० | बोलपत्र |
| ३. | KRM/NCB/05/2076-77 | वार्ड नं ७ अन्तर्गत विभिन्न योजनाहरुको सडक ग्रावल गर्ने कार्य | २५००७२०.७० | ७१०००.०० | ३०००.०० | बोलपत्र |
| ४. | KRM/NCB/Work/06/2076-77 | हुलाकी सडक देखि गा.पा.जोड्ने बाटो कालोपत्रे तथा नाली निर्माण कार्य | २५८१२३२.७१ | ७१०००.०० | ३०००.०० | बोलपत्र |
| ५. | KRM/NCB/Work/07/2076-77 | बाउन्ड्री वाल निर्माण कार्य (नेपाल राष्ट्रिय आधारभूत बिधालय वार्ड नं ७) | ७७८५४७.१५ | २००००.०० | १०००.०० | दरभाउपत्र |
| ६. | KRM/NCB/Work/08/2076-77 | शिवालय देखि बडी मस्जिद सम्मको बाटो कालोपत्रे गर्ने कार्य | १६३९५४५.०७ | ४५०००.०० | १०००.०० | दरभाउपत्र |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | KRM/NCB/Work/09/2076-77 | गुलरिया सडक खांद देखि दक्षिण दिप ब.थापाको घर हुँदै हरि देवकोटाको घर सम्म कालोपत्रे गर्ने कार्य | १२४९०४७.१९ | ३००००.०० | १०००.०० | दरभाउपत्र |
| ८. | KRM/NCB/Work/10/2076-77 | रामचन्द्र बोगटीको घर देखि जेनिथ स्कुल सम्म जाने बाटो कालोपत्रे गर्ने कार्य | १७३०११२.३३ | ५००००.०० | १०००.०० | दरभाउपत्र |
| ९. | KRM/NCB/Work/11/2076-77 | ५ नं वार्डको बिभिन्न ठाउमा माटो पटान तथा ग्राभेल गर्ने कार्य | १६७३३१६.४६ | ५००००.०० | १०००.०० | दरभाउपत्र |

(प्रमुख प्रसासकिय अधिकृत)